नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
जल विज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र
बाढी पूर्वानुमान महाशाखा

## बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मितिः २०८३-०५-१४ गते बिहान ०८ बजे)

### नदीहरुको हालको अवस्था (Present River Status)

मिति २०८३ भाद्र १४ गते विहान पुनः भोटेकोशी-त्रिशुलीमा आएको बाढी पश्चात हाल भोटेकोशी र त्रिशुली नदी को बहाव उच्च छ। आज बिहानको मापन अनुसार कोशी, नारायणी, बागमती, कर्णाली, महाकाली र यिनका सहायक नदीहरू तथा कन्काई, कमला, बबई, पूर्वी राप्ती र पश्चिम राप्ती नदीको बहाव सतर्कता तह भन्दा तल रहेको छ ।

### ३ दिनको जलसतह /बाढीको पूर्वानुमान (हरेक दिन विहान १० बजे देखि २४ घण्टा)

| | जलाधार | नदीको नाम | आज (२०८३-०५-१४) | भोली (२०८३-०५-१५) | पर्सी (२०८३-०५-१६) |
|---|---|---|---|---|---|
| १ | कोशी | सप्तकोशी, चतरा | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | तमोर, त्रिवेणी | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | अरूण, सिम्ले | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | दुधकोशी, रवुवाबजार | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | तामाकोशी, बुस्ती | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | सुनकोशी, हम्पचुवार | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| २ | नारायणी | नारायणी, देवघाट | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | त्रिशुली, बेत्रावती | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | बुढीगण्डकी, आरूघाट | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | मर्स्याङदी, विमलनगर | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | सेती, दमौली | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | कालिगण्डकी, कुमालगाउँ | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| ३ | कर्णाली | कर्णाली, चिसापानी | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | कर्णाली, असाराघाट | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | भेरी, समजिघाट | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| | | पश्चिम सेती, दिपायल | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| ४ | महाकाली | महाकाली, पारिगाउँ | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| ५ | कन्काई | कन्काई, मैनाचुली | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| ६ | कमला | कमला नदी, वेलसोत | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| ७ | बाग्मती | बाग्मती, पधेरादोभान | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| ८ | पूर्वी राप्ती | पूर्वी राप्ती, रजैया | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| ९ | पश्चिम राप्ती | पश्चिम राप्ती, कुसुम | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |
| १० | बबई | बबई, चेपाङ | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने |

### स-साना नदीमा बाढी पूर्वानुमान

आज (२०८३-०५-१४ गते)

आज पाँचथर, तेह्रथुम, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, ओखलढुंगा, रामेछाप, दोलखा, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर, भक्तपुर, काठमाण्डौ, धादिङ, मकवानपुर, गोरखा, लमजुङ, तनहुँ, स्याङ्जा, कास्की, पर्वत, म्याग्दी, बाग्लुङ, गुल्मी, बर्दिया, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा र कन्चनपुर आसपासका जिल्ला भई बहने स-साना नदीहरुको बहाव उल्लेख्य बढ्ने र आकस्मिक बाढी (Flash Flood) को मध्यम जोखिमका साथै नुवाकोट र रसुवा जिल्ला भई बहने स-साना नदीहरुको बहाव उल्लेख्य बढ्ने र आकस्मिक बाढी (Flash Flood) को उच्च सम्भावना छ।

भोली (२०८३-०५-१५ गते)

सातै प्रदेश भई बहने केही स-साना नदीहरूमा बहाव आकस्मिक बढ्न सक्नेछ।

नेपाल सरकार

जल तथा ऊर्जा आयोगको सचिवालय

जल विज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र


बाढी पूर्वानुमान महाशाखा

<u>पर्सी (२०८३-०५-१६ गते)</u>

**सातै प्रदेश भई बहने केही स-साना नदीहरूमा बहाव आकस्मिक बढ्न सक्नेछ।**

**आकस्मिक बहाव (Flash Flood) जोखिम पूर्वानुमान**

(२०८३ भाद्र १४ गते बिहान ८ बजे देखि २४ घण्टा)




<u>सर्वसाधारण तथा सरोकारवालाका लागि परामर्श (Advisory):</u>

| रङ्ग | चेतावनीको अवस्था | सर्वसाधारणका लागि सन्देश | सरोकारवाला निकायका लागि सन्देश |
|---|---|---|---|
| **हरियो (Green)** | सामान्य अवस्था | नदीको बहाव सामान्य अवस्थामा छ। बाढीको जोखिम छैन। नियमित रूपमा सूचना प्राप्त गरिरहनुहोस्। | नियमित अनुगमन तथा तयारीको अवस्था कायम राखे। कुनै विशेष कार्य आवश्यक छैन। |
| **पहेँलो (Yellow)** | सतर्क रहनुहोस् | नदीको जलसतह बढ्न सक्ने तथा चेतावनी तह नजिक पुग्न सक्ने सम्भावना छ। नदी तटीय तथा होचा भू-भागका बासिन्दाले सतर्क रही अद्यावधिक सूचना प्राप्त गरिरहनुहोस्। | नदीको अवस्थाको निगरानी बढाउने, स्थानीय तह तथा समुदायलाई सूचित गर्ने र आवश्यक तयारी सुरु गर्ने। |
| **सुन्तला (Orange)** | तयारी अवस्थामा रहनुहोस् | नदी तटीय तथा जोखिमयुक्त क्षेत्रमा बाढी आउने सम्भावना उच्च छ। अत्यावश्यक सामग्री तयारी अवस्थामा राख्नुहोस् र आवश्यक परे सुरक्षित स्थानमा जान तयार रहनुहोस्। | आपतकालीन तयारीका उपायहरू कार्यान्वयन गर्ने, उद्धार तथा राहतका स्रोत-साधन तयारी अवस्थामा राखे र सम्भावित स्थानान्तरणको तयारी गर्ने। |
| **रातो (Red)** | तुरुन्त प्रतिकार्य गर्नुहोस् | गम्भीर बाढीको जोखिम रहेको वा बाढी भइरहेको अवस्था हो। सम्बन्धित निकायको निर्देशन अनुसार सुरक्षित स्थानमा जानुहोस् तथा नदी र बाढीग्रस्त क्षेत्रबाट टाढा रहनुहोस्। | उद्धार, राहत तथा आवश्यक परे स्थानान्तरणका कार्यहरू तत्काल सञ्चालन गर्ने तथा बहु-निकाय समन्वय गरी आपतकालीन प्रतिकार्य सुरु गर्ने। |

<u>नोट:</u> चिन सरकारबाट प्राप्त सूचना तथा भू—उपग्रह तस्विरको प्रारम्भिक विश्लेषण अनुसार, भाद्र १० गते बाढी सृजना भएको स्थानमा नदी थुनिएर बनेको ताल बढ्दै गएको र फुट्ने जोखिम रहेको देखिएको छ। ताल फुटेमा ठूलो मात्रामा पानी सँगै **ढुंगा, माटो तथा गेग्रान बगेर तल्लो तटीय क्षेत्रमा अचानक बाढी आउन सक्ने** जोखिम रहेको हुँदा अर्को सूचना जारी नभएसम्म भोटेकोशी नदीको तल्लो तटीय क्षेत्रका बासिन्दा, यात्रु तथा उद्धारकर्ताहरूलाई नदी किनार र जोखिमयुक्त क्षेत्रबाट सुरक्षित स्थानमा रहन अनुरोध गरिन्छ।

नेपाल सरकार

जल तथा ऊर्जा आयोगको सचिवालय

जल विज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र

बाढी पूर्वानुमान महाशाखा

Forecast References:

1) Real Time Ground Observation System for Rainfall (around 360 stations) and Water levels (Around 180 Stations) under Flood Forecasting Section, HWRRC
   http://hydrology.gov.np/#/river_watch
   http://hydrology.gov.np/#/rainfall_watch
2) MFD Rainfall Forecast (8 AM)
3) NCMWRF Rainfall Product
4) Flood Forecast Karnali, Babai and Narayani Basin (HEC-HMS Model)
5) Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)
6) Probabilistic Forecast for short lead time in major river system (Based on real time observation)
7) GLOFAS forecast
8) GEOGLOWS forecast
9) Tethys Forecasting Platform (Stream Flow Prediction Tool and HIWAT tool for Nepal (7 days forecast for small rivers)
10) Regional Flood outlook –Ganges-Brahmaputra Basin
11) South Asia Flash Flood Guidance System (Nepal)
12) Other Global Flood Forecasts
13) Satellite Cloud Picture
14) Etc…

## थप जानकारीको लागि

- जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रले हरेक दिन विहान ८ बजे आगामी ३ दिनसम्मको (७२ घण्टा) बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि केन्द्रको वेवसाइट (www.hydrology.gov.np) लगअन गरी हेर्न सक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कति वर्षा भैरहेको छ, तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि केन्द्रको वेवसाइटमा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा जलसतह कति मिटर छ, बढ्दो छ कि घट्दो होला, खतरा होला की नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग सम्बन्धित हरेक पूर्व सूचना यस केन्द्रको आधिकारिक ट्विटर: Nepal Flood Alert! नेपाल बाढी सूचना! र फेसबुकः नेपाल बाढी सूचना-Nepal Flood Alert मा पनि हेर्न सक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदीजलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढीबाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एसएमएस पठाइनेछ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नम्वरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जो कोहीले ११५५ डायल गरेर बाढी सम्बन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।
- आम-सञ्चार माध्यम तथा सरोकारवालाको लागि नियमित ब्रिफिङ गर्न मनसुन अवधिभर दैनिक रूपमा केन्द्रको चौंथो तलामा रहेको सञ्चार ब्रिफिङ कक्षमा जानकारी प्रदानको समय हरेक दिन विहान ११:०० बजे व्यवस्था गरिएको छ।